# वाडगंगा नदि प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना निर्माण कार्यको लागि कार्यक्षेत्रगत (TOR) शर्त

**१. पृष्ठभूमी :**

लुम्बिनी प्रदेश प्राकृतिक श्रोतहरु जल जमिन जंगल खनिज पदार्थले भरिपूर्ण क्षेत्रको रुपमा चिनिन्छ। यस प्रदेशमा रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, रुकुम,पूर्व रोल्पा, प्यूठान, अर्घाखाँची, गुल्मी, पाल्पा समेत १२ वटा जिल्ला पर्दछन् । यहाँ जलाधारीय श्रोतहरूको प्रचुर सम्भावनाहरु छन । यस प्रदेशमा वनक्षेत्र ४३.२४ प्रतिशत रहेको छ। नेपालमा रहेको ६,००० नदी नालाहरु मध्ये यस प्रदेशमा पश्चिम राप्ती, तिनाउ, बबई, बाणगंगा जस्ता मला नदीहरु पर्दछन । साथै अर्घाखाँची र कपिलबस्तु जिल्लाको मध्य भागमा वाडगंगा जलाधार क्षेत्रमा पर्दछन् । जलाधारक्षेत्र भन्नाले पानी ढलोले घेरिएको क्षेत्र हो । नदी वा खोलाको उद्‌गम स्थल देखि पानी वगेर निस्कने ठाउसम्मको क्षेत्रलाई जलाधार क्षेत्र मानिन्छ । जल, जमिन, जंगल, जनावर आदि जलाधार क्षेत्रका प्राकृतिक श्रोतहरु हुन् । यी श्रोतहरुको एकिकृत व्यवस्थापन गरि तिनको संरक्षण, संवर्धन र सदुपयोग गर्नका लागि बनाइने बृहत्तर कार्य योजना लाई जलाधार व्यवस्थापन योजना भनिन्छ ।

बढदो औद्योगिकरण, खनिज तथा इन्धनको अत्याधिक प्रयोग खानी तथा खनिज पदार्थको उत्खन्न, अव्यवस्थित शहरीकरण, प्राकृतिक श्रोतहरुको अत्यधिक दोहन प्रविधिको प्रयोग वातावरणमैत्री नहुनु,वन फडानी, डडेलो, अध्यवस्थित ग्रामिण सडक निर्माण नदी पदार्थहरुको अत्यधिक उत्पन्नको कारणले जनाधार क्षेत्र का प्राकृतिक श्रोतहरु विनास भै वाढी, पहिरो, भू क्षय, नदि कटान, डुवान आदि समस्याहरु दिनानु दिन वढी रहेका छन्।

पिनास भई जलवायु परिवर्तनका असरहरु उत्सर्जन नई आपसमा वृद्धि हिमपात, अतिवृष्ट, अनावृष्टि खडेरी अनियन्त्रित रुपमा देखिन थालेका छन नेपालको सन्दर्भमा भौगोलिक विविधता, फरक फरक कृषि परिस्विकीय प्रणालीको कारणले यसले पारेको असर पनि स्थान र विषयगत क्षेत्रपिच्छे फरक फरक देखिएको छ । जलवायु परिवर्तनको कारणले

जलाधारिय अवस्था क्षयीकरण भै

ग्रामिण क्षेत्रमा बस्ने गरिव तथा विपन्न महिला श्रोत साधनको पहुँच भन्दा टाढा रहेका समुदायहरु पढ़ी जोखिममा रहेका छन् ।

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वातावरण तथा भू-संरक्षण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

भौगोलिक बनावटको कारण हावापानीमा रहेको विविधता, वर्षाको मात्रामा बारम्बार फरक हुनुले स्थान विशेष जलवायु परिवर्तनको कारणबाट श्रृजित असरहरु फरक फरक रहेका छन् । यसको अलावा विभिन्न किसिमका मानविय क्रियाकलापहरुले गर्दा वातावरणको विनास दिनानुदिन बढ्दै गइरहेको छ। अनियन्त्रित र अव्यवस्थित ग्रामीण सडकको निर्माणको कारण प्राकृतिक प्रकोप, विपदहरु बढीरहेका छन् । जसले गर्दा माथिल्लो तटिय क्षेत्र मा भू-क्षय, बाढी, पहिरो र नदिखोला कटानी बडिरहेको छ भने तल्लो तटिय क्षेत्र (down stream) मा खोला, नदीको वह माथि उठने riverbed rise siltation र deposition भई तालतलैया,खोला नदीहरु पुरिदै गएको अवस्था रहेको छ । जलवायु परिवर्तनको कारणबाट वर्षामा आएको उतारचढाव र बढी वर्षा heavy rainfall भई जनजीवन प्रभावित हुनुको साथै पहाडी क्षेत्रका परम्परा देखि उपभोग गर्दै आई रहेका पानीको मुहानहरु सुक्ने कारणबाट जनजीवन कष्टकर बन्दै गइरहेको छ । जलवायु परिवर्तन एवम् विपद जोखिमको चुनौती तथा प्रभावलाई न्यूनीकरण तथा अनुकूलन गर्दै स्थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउन नेपाल सरकारले विपद जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, नेपाल सरकारले राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) २०६७, स्थानीय अनुकूलन कार्ययोजना (लापा) की राष्ट्रिय संरचना २०६८ स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ र वातावरणमैत्री स्थानीय शासन प्रारूप २०७० जलवायु परिवर्तन नीति २०७६ कार्यान्वयन गरी स्थानीयस्तरको अनुकूलनलाई प्राथमिकता दिएको छ । स्थानीय विकास योजनालाई जलवायु परिवर्तन अनुकूलन योजनासँग मूलप्रवाहिकरण गरी स्थानीय जनताको अनुकूलन क्षमतामा अभिवृद्धि गर्दै जानु आजको आवश्यकता रहेको छ ।

यसै सन्दर्भमा प्रदेशस्तरमा रहेको महत्वपूर्ण तिन वटा नदी प्रणालीहरु राप्ती, वबई र तिनाउको बृहत जलाधार व्यवस्थापन कार्ययोजना निर्माण भैसकेकोले

कार्यन्वयनको चरणमा रहेका छन् । चौथो एवं जलाधारिय अवस्थाको आधारमा अति जोखिम र संवेददनशील

वाडगंगा जलाधार व्यवस्थापन कार्ययोजना निर्माण गर्न वान्छनीय देखिन्छ । माथि उल्लेखित पृष्ठ भूमिमा आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रममा प्रदेशमा भैरहेको जलवायु परिवर्तनले पारेको असरसंग अनुकुलीत हुन, जनजन्य प्रकोप (water induced disaster) बाट हुने क्षति न्यून गर्न, जलवायु परिवर्तन अनुकुलन तथा जलाधार व्यवस्थापन कार्यक्रम सम्बन्धमा भएका हालसम्मको प्रयासहरु र तदनुसारका योजनाहरुको समेत अध्ययन गरी जलाधार ब्यवस्थापन कार्ययोजना बनाई आगामी वर्षहरुमा बहुवर्षिय योजनाको रुपमा बजेट विनियोजन गरी कार्यान्वयन गर्न आवश्यक देखिएको छ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

**२. कार्यक्रमको लक्ष्य :**

वाडगंगा नदी प्रणालीहरुको समुचित जलाधार व्यवस्थापन बाट यस प्रदेशको समृद्ध प्रदेश, खुसी जनता बनाउने प्रदेश सरकारको परिकल्पनामा टेवा पुरयाउने ।

**३. कार्यक्रमको उद्देश्य :**

वाडगंगा जलाधार व्यवस्थापन कार्य योजनाको निम्न उद्देश्यहरु रहेका छन्।

३.१ वाणगंगा नदि प्रणालीको जलाधार क्षेत्रको रेखाङ्कन गरि यसका सहायक स साना खोलाको पहिचान गरि वाढी, पहिरो, भूस्खलनको आधारमा वढी जोखिम युक्त क्षेत्र पहिचान गर्ने

३.2 वाडगंगा जलाधार क्षेत्रका जोखिमयुक्त क्षेत्रमा संचालन गरिने जलाधार व्यवस्थापन कार्यक्रमहरुको survey गरी design and cost estimate तयार गर्ने ।

३.3 जोखिम अवस्थाको प्रकृतिको आधारमा निर्दिष्ट स्थानको लागि वन, वनस्पति र जैविक विविधता संरक्षण एवम् दीगो कृषि प्रणाली लगायतका कार्यक्रमहरु तयार गर्ने ।

३.३ वाडगंगा जलाधार व्यवस्थापनका लागि योजना छनौट र नीतिगत निर्णयका लागि सहयोगी दस्तावेज तयार गर्ने ।

**४. अध्ययन बिधि :**

**जलाधार व्यवस्थापन कार्ययोजना तयार गर्दा मूलत वाणगंगा नदी प्रणालीको मध्य पहाड, चुरे र तराई क्षेत्रहरुमा जलाधारीय प्रकोप ,जलवायु परिवर्तनबाट श्रृजित जोखिमहरुको पहिचान गरि बिषयगत क्षेत्रगत अनुसारका अनुकुलन कृयाकलापकरुको सूची तयार गर्नु पर्ने छ। परामर्शदाताको सम्झौता भए पश्चात अध्ययन कार्यमा खटिनु**

१५ दिन अगावै कार्य विवरण सहित खटिने व्यक्ति, क्षेत्र, समय सहितको समय तालिका पेश गर्नु पर्ने छ। त्यस उपर प्राप्त पृष्ठपोषण समेत समावेशगरीयोजना तर्जुमा कार्य गर्नु पर्नेछ। जलाधार व्यवस्थापन कार्य योजना तयारी कार्यको लागि निम्न बुँदाहरुलाई आधार बनाई अध्ययन/सर्भेक्षण/अनुसन्धान कार्य गर्नु पर्दछ।

**(क) सन्दर्भ सामाग्रीको अध्ययन:निम्न विषयहरुको अध्ययन गरी समिक्षा, विश्लेषण तथा सार संक्षेपीकरण गर्ने:**

- वाणगंगा नदिको जलाधारक्षेत्रमा वाढी, पहिरो, नदि कटान आदि जल उत्पन्न प्रकोप, जोखिम युक्त क्षेत्र, संकटापन्न समुदायहरु, जलाधारक्षेत्र व्यवस्थापन गर्नका लागि गरिएका प्रयासहरु
- नितिगत व्यवस्थाको जानकारीकोलागि नेपालमा विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्थावाट भएका अध्ययन प्रतिवेदनहरु

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वातावरण तथा भू-संरक्षण मन्त्रालय
मुकामः बुटवल, नेपाल

- जिल्ला समन्वय समितिहरु, स्थानिय तहहरु, डिभिजन वन कार्यालयहरु, भू-तथा जलाधार व्यवस्थापनीकार्यालयहरु, राष्ट्रिय, संघ संस्थावाट हाल सम्म भएको प्रयासहरु

- स्थानिय अनुकुलन योजना, वन तथा वातावरण मन्त्रालय र वन तथा भू संरक्षण विभाग वाट प्रकाशित हुने सामाग्रीहरु

- नेपाल सरकारले बिभिन्न विकास साझेदारहरुसंग मिलि संन्चालन गरेका जलवायु परिवर्तन समानुकुलन/अनुकुलन आयोजना परियोजनाहरुका प्रतिवेदनहरु

**(ख) स्थलगत सर्वेक्षणः**

यस नदिको जलाधार क्षेत्रमा अर्घाखाँची र कपिलवस्तु जिल्लाको सितगंगा, वाणगंगा, कपिलवस्तु आदि न.पा. समेटनु पर्नेछ । योजना निर्माणको सिलसिलामा PRA/RRA गर्ने र सम्भाव्य क्षेत्रकोनक्साहरु (Topo Map, Landuse Map, Geological Map,Gis map Other Neccessary Maps) प्राप्त गरी सोही नक्साको आधारमा जोखिम क्षेत्रएकिन गर्ने र शंकटापन्न अवस्थामा रहेका समुदाय, सम्वन्धितपारिस्थितिकिय क्षेत्रहरुको न्क्ष नक्सामा अंकित गरी आवश्यक बिषयगत कार्यक्रमहरुको न्एकायअबतष्यल विन्दु सहित स्पष्ट उल्लेख हुनुपर्ने छ ।

**(ग) छलफल तथा अन्तरकृयाः**

स्थलगत अध्ययनगरिने क्षेत्रका स्थानिय जनसमुदाय तथा सरोकारवालाहरुसंग कार्यकमको जानकारी एवं अध्ययन कार्यमा सहभागिता गराई आवश्यक राय सुझाव संकलन गर्नु पर्नेछ । त्यसै गरि जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसस्था, जन प्रतिनिधिहरु, जलवायु परिवर्तन अनुकुलन क्रियाकलापको क्षेत्रमा कार्यरत कर्मचारीहरु, फोकल व्यक्तिहरु साथै अन्य सरोकारवालाहरुसंग छलफल अन्तरकृया गर्नु पर्ने आवश्यकता अनुसार प्रदेश स्तरका विशेषज्ञ समेतकोराय सुझाव लिनु पर्नेछ । यसमा निम्न क्रियाकलाप गर्नु पर्दछ ।

- छलफल, गोष्ठि
- राय, सुझाव संकलन
- बिज्ञहरुको सहयोग र परामर्श
- गोष्ठि
- स्थलगत सर्भेक्षण

**४. परामर्शदाताले गर्नु पर्ने कार्यहरु :**

वाडगंगा नदी प्रणाली अन्तरगत पर्ने तल्लो र माथिल्लो तटिय जलाधार क्षेत्रलाई समेटी हरेक नदी प्रणालीहरुको जलाधार व्यवस्थापन कार्ययोजना तयार गर्नु पर्नेछ । कार्य योजना बनाउदा परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यहरु र उक्त कार्यहरुको कार्यबोझ यस प्रकार रहेकोछ । यहाँ उल्लेख भएको कार्यबोझलाई कार्य योजनाको गुणस्तर मापन गर्ने र भुक्तानीको आधार समेत बनाउन सकिनेछ ।

| क.सं. | परामर्शदाता संस्थाले सम्पादन गर्नु पर्ने कार्यहरु | कार्यबोझ (weightage ) |
|---|---|---|

| | | |
|---|---|---|
| क. | जलाधार क्षेत्रमा सृजित समस्या समाधान गर्ने तथा समानुकुलन / अनुकुलनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरुबाट भएका कानूनी घोषणा, ऐन, नियम, निर्देशिका तथा परिपत्रहरु review गर्ने, | ३.५% |
| ख. | वाडगंगा नदी प्रणालीमा भएका जलाधार व्यवस्थापन सम्बन्धी जलाधार /उपजलाधारक्षेत्रहरुको प्राथमिकिकरण गर्दा बृहत् जलाधार ब्यावस्थापन केन्द्र, सम्बन्धित जिल्ला समन्वय समिति र भू तथा जलाधार व्यवस्थापन कार्यालय संग समन्वय गरी भू-उपयोग, भू-प्रणाली, भू-गर्भ, भिरालोपना जस्ता भू-जैविक तथा जनघनत्व, सामाजिक एवं आर्थिक पक्षहरुको मानकको आधारमा जलाधार तथा उपजलाधार प्राथमिकीकरण गर्ने, | ४.०% |
| ग. | वाडगंगा जलाधार क्षेत्रहरुको विगतका व्यवस्थापन योजना र प्रतिवेदनहरुको समिक्षा गर्ने । राम्रो कार्य अवलम्बन गरेका र बिधी/ सिकाईलाई कार्य योजना कार्यान्वयनको भागमा राख्ने । | २.५% |
| घ | विगत वर्षहरुमा कार्यक्रम संचालन गर्ने कार्यमा संलग्न संस्थाहरुको विवरण तयार गर्ने र कार्य योजना कार्यान्वयनमा यि संस्थाहरुको सहकार्यको सम्भावनालाई लागत सहभागिता र विज्ञतामा स्पष्ट रुपमा खुलाउने । | २% |
| ङ | वाडगंगा नदी प्रणाली अन्तरगत पर्ने सम्पूर्ण उप जलाधार क्षेत्र र tributaries हरुको स्थलगत रुपमा गई सरोकारवाला र जनप्रतिनिधीको सहभागितामा स्पष्ट पहिचान, जोखिमको हिसाबले बर्गिकरण र नक्साङकन गर्ने । | ८% |
| च. | सि.नं. (ङ) को समेतको सहयोग लिई जलाधार क्षेत्रको Vulnerabilityनक्शा तयार गरी जोखिम विश्लेषणको आधारमा उच्च, मध्यम र कम जोखिम क्षेत्र पहिचान तथा वर्गिकरण गर्ने । | १५% |
| छ. | जलाधार क्षेत्र अन्तरगतका तल्लो र माथिल्लो तटिय क्षेत्रभित्र जोखिमयुक्त ठाउ पहिचान गरि भविष्यमा हुन सक्ने संभाव्य जोखिम बढाउने पहिरो, खहरे, गल्छी, पानी मुहान, नहर / कुलो, नदी कटान आदिको detail survey, GIS based नक्सा बनाई design, detail quantity, rate analysis, detail cost estimate तयार गर्ने । | २५% |
| ज. | बुँदा नं.(ङ) र (च) मा पहिचान र वर्गिकरण भएका क्षेत्रहरुलाई | ५% |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

| | | |
|---|---|---|
| | समेटिने गरी<br>प्रमुख साना ६० वर्ग कि.मि.सम्मका नदि प्रणालीको अलग अलग एकीकृत जलाधार संरक्षण र व्यवस्थापन योजना तयार गर्ने । उक्त योजनाहरुलाई तीन चरणमा संचालन गर्ने गरी तयार गर्नु पर्नेछ । जलाधार व्यवस्थापन योजनाको दश वर्षे लक्ष्य राखी तत्काल, मध्यकालिन र दीर्घकालिन कार्यक्रम उल्लेख गर्नु पर्नेछ ।<br>• समुचित जलाधार व्यवस्थापनका लागि आवश्यक पर्ने अघिल्ला योजनाहरुले समेट्न नसकेका बाँकी कृयाकलापहरुको सुची तयार गर्नु पर्नेछ । यस योजनामा विषयगत क्षेत्र अनुसारका स्थान किटान भएका विस्तृत कृयाकलापहरु र कृयाकलाप अनुसार आवश्यक पर्ने मोटामोटी लागत अनुमान समेत गर्नु पर्नेछ। | |
| झ. | सि. नं. ४ (ज) बमोजिमको योजनामा यस अघि उल्लेखित कार्यको अतिरिक्त प्राथमिकतामा परेको नदि प्रणालीका जलाधार, उपजलाधारहरुको स्थानिय जनसमुदाय तथा जनप्रतिनिधिहरुको सहभागितामा सामाजिक, आर्थिक तथा प्राकृतिक स्रोतहरुको स्थिति पत्ता लगाई जलाधार संरक्षण तथा व्यवस्थापन सम्बन्धी आवश्यकता पहिचान गरी जलप्रवाह प्रणाली, भू-उपयोग, भू-प्रणाली, भू-गर्भ भिरालोपना जस्ता भू-जैविक तथा जनघनत्व, सामाजिक आर्थिक पक्षहरुका आधारमा जलाधार ब्यावस्थापन योजना तयार गर्ने,<br><br>यसरी जलाधार व्यावस्थापन योजना तयारी गर्दा भू-क्षमता र भू-उपयोका साथै भू-क्षय, पहिरोग्रस्त क्षेत्र, जोखीम क्षेत्र, संवेदनशिल तथा जोखिमयुक्त (Hazard prone) क्षेत्रको पहिचान तथा जल भण्डारण तथा पुनर्भरण, सुख्खाग्रस्त क्षेत्रमा पानी श्रोत संरक्षण, पोखरी, पानी सोसाउने कुलो, कन्टुर ट्रेन्च, रनअफ हार्मेस्टिरङ ड्यामजस्ता कार्यक्रम तथा कृयाकलापहरुको योजना तयार गर्ने<br>साथै जलाधार उपजलाधार योजनामा ग्रामीण सडकसंग भू( संरक्षण, सिंचाइ कुलो जस्ता वातावरण मेत्री विकास, जलबायु | १५% |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
मुकामः बुटवल, नेपाल

| | | |
|---|---|---|
| | अनुकुलन तथा समानुकुलन, लैंगिक संवेदनसिल तथा समावेसिता जस्ता अन्तरसम्बन्धित पक्षहरुलाई समेटी जलाधार उपजलाधार ब्यावस्थापन योजना तयार गर्ने | |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

**५. परामर्शदाताको लागी आवश्यक पर्ने मुख्य जनशक्ति, योग्यता र कार्य सम्पादन गर्न लाग्ने समय:**

| क.सं. | जिम्मेबारी | बिज्ञता | जना | शैक्षिक योग्यता र अनुभव | समय (महिना) |
|---|---|---|---|---|---|
| १ | टोली नेता | जलाधार व्यवस्थापन विज्ञ | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट जलाधार व्यवस्थापनमा स्नातकोत्तर गरी कम्तीमा सात वर्ष सम्म सोही क्षेत्रमा कार्य अनुभव भएको हुनु पर्नेछ । | ३ |
| २ | सदस्य | वन /NRM /वातावरण विज्ञ. | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट वन वातावरण विज्ञान तथा जलाधार व्यवस्थापनमा स्नातकोत्तर गरी कम्तीमा पाँच वर्ष सम्म सोही क्षेत्रमा कार्य अनुभव भएको हुनुपर्नेछ । | ३ |
| ३ | सदस्य | सिभिल ईन्जिनियर | ३ | मान्यता प्राप्त विश्वविद्यालयबाट सिभिल ईन्जिनियरिङ्गमा स्नातकोत्तर गरी कम्तीमा पाँच वर्ष सम्म सोही क्षेत्रमा कार्य अनुभव भएको हुनुपर्नेछ । | २ |
| 4 | सदस्य | GIS विज्ञ. | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट वन विज्ञान/प्राकृतिक श्रोत व्वस्थापन/ईन्जिनियरिङ्ग विषयमा GISविषय लिई स्नातक तह पुरा गरी वा | 1 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | GISविषयको तालिम लिई श्रोत व्यवस्थापन, आवधिक योजना निर्माण लगायत क्षेत्रमा नक्शा निर्माण सम्बन्धी कार्यमा कम्तीमा तिन वर्षको अनुभव भएको हुनुपर्नेछ । | |
| 5 | सदस्य | जियोलोजिष्ट | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट जियोलोजी (Geology)विषय लिई स्नातकोत्तर तह पुरा गरेको र सो क्षेत्रमा कम्तिमा 5 वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ । | २ |
| ६ | सदस्य | रेन्जर/सव इन्जिनियर | २ | मान्यता प्राप्त विश्व विधालयबाट वन विज्ञान र सिभिल इन्जिनियरिङ्ग विषयमा प्रविणता तह पुरा गरि कम्तिमा ३ वर्षको अनुभव भएको हुनु पर्नेछ । | |

६. **प्रस्तावछनौटकाआधार**:-परामर्शदाताहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरेपछि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भएका प्रावधानको आधारमा रही मुल्यांकन गरिनेछ । प्राविधिक प्रस्तावको मुल्यांकनको भार ८०% र आर्थिक प्रस्तावको मुल्यांकन भार २०% हुनेछ । मुल्यांकनमा सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदातालाई यस कार्यका लागि छनौट गरिनेछ ।

७. **समय सिमा** :- यो कार्यक्रम सम्झौता भएको तिन  महिना भित्र सम्पन्न गरी विस्तृत कार्ययोजना प्रस्तावसाथ पेश गर्नु पर्नेछ ।

८. **अध्ययनको लागि बजेट** :- वाडगंगा नदी प्रणालीमा आधारित तीनवटा जलाधार व्यवस्थापन योजना निर्माण कार्यको लागी एकमुष्ट कुल जम्मा रु. १५,००,०००/-(अक्षेरुपी पन्ध्र लाख मात्र) (सबै करहरु कन्टीजेन्सी सहित)बजेट छुट्याईएको छ।

९. मन्त्रालयले कामको गुणस्तर नियन्त्रणका लागी प्रतिनिधी खटाई नियमित रुपमा अनुगमन गर्न सक्ने र आवशयक योजनाको विषय सूची खाका उपलब्ध गराउन सक्नेछ ।

**१०. उपलब्ध गराउनु पर्ने विवरण तथा समाग्रीहरु :**

- अध्ययन तथा स्थलगत कामको कार्यतालिका सहितको प्रारम्भीक प्रतिवेदन (Inception Report).
- अध्ययन प्रतिवेदनको मस्यौदा,
- संकलन गरिएको Raw Dataहरुको Digital प्रति,
- स्थलगतरुपमा सरोकारवाला र जनप्रतिनिधीसंग कृयाकलापको पहिचान र प्राथमिकता, लागत सहभागिता लगायतका विषयमा भएका छलफलहरुको प्रतिलिपि
- कार्य सम्पादनको लागि गरिएको खर्चको विवरण सहितको कार्य सम्पन्न प्रतिवेदन,
- नक्सा तथा फोटोहरुको Digital प्रति र shape files समेत,
- अन्तिम अध्ययन प्रतिवेदन (Digital Copy-1 & Hard Copy-10 pcs.)